बुढीनन्दा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## व्यवसाय दर्ता/नविकरण तथा व्यवसाय बन्द गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।०५।०५

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस नगरपालिकाको व्यबसाय कर व्यबस्थापन कार्यविधि,२०७७ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म यस नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ (पैतिस) दिनभित्र देहायका विबरण तथा कागजात संलग्न राखी नगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता गराउन हुन र यस अघि नगरपालिकामा दर्ता गरेका व्यवसायहरुको नविकरण गर्न र व्यवसाय बन्द गर्न चाहने ब्यवसायीहरुले नगरपालिकाको कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यबसायलाई नगरपालिकाको व्यबसाय कर व्यबस्थापन कार्यविधि, २०७७ को दफा १६ बमोजिम कर असुल गरीने र सोही कार्यविधिको दफा, ३ को उपदफा (५) बमोजिम दर्ता नगरी व्यवसाय संचालन गरेका व्यवसायहरुलाई कर असुल गरी व्यवसाय बन्द गराउने जानकारी गराईन्छ ।

व्यवसाय दर्ता गराउँदा पेश गर्नुपर्ने कागजातहरु:

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि

(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरीक जनिने प्रमाणपत्रको प्रतिलिपि

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सरजमिन मुचुल्का

(ङ) व्यबसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)

(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

(छ) व्यवसाय दर्ता गरीपाउँ/नविकरण गरिपाउँ र व्यवसाय बन्द गरीपाउँ वारेको निवेदन र दर्ता प्रमाणपत्र नगरपालिका वा वडा कार्यालयवाट प्राप्त गर्न सकिने छ ।

सन्तोष कुमार शाह
नि. प्रमुख प्रशासकिय अधिकृत

सन्तोष कुमार शाह
नि.प्रमुख प्रशासकिय अधिकृत